nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

30°C । वर्ष :११, अंक : ३६ पृष्ठ ४ । मंगलबार,०७ असोज २०८२ । TUESDAY, SEPTEMBER 23, 2025 .nepalpostdaily.com । मुल्य ५ रुपैंया

## ३८ पालिकाका कर्मचारीले पाएनन् दसैं तलब भत्ता

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०६ असोज ।***




मधेश प्रदेशका ३८ पालिकाका करिब ११ हजार ४ सय कर्मचारीले यस वर्ष दसैंमा तलब र भत्ता पाउन सक्ने देखिँदैन । चालु आर्थिक वर्षको बजेट अझै पेस हुन नसकेको कारण उनीहरूको दसैं खल्लो हुने भएको हो । प्रदेशका अधिकांश पालिकामा अब पाँच दिन मात्रै कार्यालय खुल्ने र त्यसपछि दसैंको बिदा सुरु हुने भएकाले बजेट पास भएको भए पनि तलब निकासा हुने समय नपुग्ने राजविराज नगरपालिकाका लेखा अधिकृत शत्रुधन दासले जानकारी दिए । चालु आर्थिक वर्षको तेस्रो महिना असोज ५ गतेसम्म यी ३८ पालिकाले बजेट ल्याउन नसकेको देखिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार बजेट असार १० गतेभित्र पेस गरी असार मसान्तभित्र पारित गरिनुपर्ने कानुनी प्रावधान भए पनि आन्तरिक विवाद र समस्या कारण अहिलेसम्म पेस हुन सकेको छैन । मधेश प्रदेशमा एक महानगरपालिका, तीन उपमहानगरपालिका, ७३ नगरपालिका र ५९ गाउँपालिका गरी १३६ पालिका छन् । तीमध्ये ९८ वटा पालिकाले बजेट ल्याइसकेका छन् भने एक उपमहानगरपालिका, १८ नगरपालिका र १९ गाउँपालिकाले अहिलेसम्म बजेट ल्याउन सकेको छैन । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पोर्टलका अनुसार सिराहाको १७ मध्ये तीन, सर्लाहीको २० मध्ये पाँच, रौतहटको १८ मध्ये पाँच, बाराको १६ मध्ये चार र पर्साको १४ मध्ये पाँच पालिकाले बजेट पेस गर्न सकेका छैनन् ।

## दशैंसँगै पर्सामा जुवातासको बढ्दो प्रकोप प्रहरीमाथि "संरक्षण" को आरोप

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०६ असोज ।***



विजयादशमी नजिकिँदै गर्दा पर्सा जिल्लाका ग्रामीण क्षेत्रमा जुवातास खेल्ने प्रवृत्ति तीव्र बनेको छ। ठोरी, जिराभवानी, पटेर्वासुगौली, सखुवाप्रसौनी गाउँपालिका र पर्सागढी नगरपालिका क्षेत्रमा रातभर तास र जुवाको हुरी-दंगामा स्थानीय त्रस्त बनेका छन् । स्थानीयका अनुसार गोप्य स्थानमा जम्मा हुने जुवाडेहरू रातभर तास खेल्ने मात्र होइन, होहल्ला, अपशब्द र झगडा गर्ने गर्छन् । यसले वरपरका बासिन्दा, विशेषगरी साना बच्चाहरूलाई अत्यधिक प्रभावित पारेको छ ।

"रातभरि मोटरसाइकलको आवाज र गालीगलौज सुन्नुपर्छ, बच्चाहरू सुत्न पाउँदैनन्," पर्सागढी-३ का एक स्थानीयले गुनासो गरे । युवा पुस्तादेखि बयस्कसम्म तासमा रमाउने क्रम बढेसँगै तलब, बोनस वा ऋणका पैसासमेत जुवामा खर्च गर्ने प्रवृत्ति बढेको छ। यसले परिवारभित्र कलह र घरेलु हिंसासम्मको स्थिति सिर्जना गरेको स्थानीय महिलाहरू बताउँछन् । कतिपय अवस्थामा ठूलो रकम हारेपछि ऋणको बोझ थेग्न नसकेर आत्महत्यासम्मका घटनाहरू सार्वजनिक भएका छन् । **प्रहरीमाथि प्रश्नचिन्ह** जुवातास खुलेआम सञ्चालन हुँदा पनि प्रहरीले बेवास्ता गरेको भन्दै स्थानीय समाजसेवी र बुद्धिजीवीहरूले प्रश्न उठाएका छन् । आरोप छ, जुवा सञ्चालन गर्ने गिरोहले प्रहरीलाई नियमित नजराना बुझाउने गरेका कारण कारबाही रोकिएको छ। "प्रहरीलाई थाहा छ, तर कारबाही हुँदैन । यसले प्रहरी संरक्षणमा जुवा चलिरहेको पुष्टि गर्छ," एक स्थानीय समाजसेवीले नाम नखुलाउने सर्तमा भने । सामाजिक संघ-संस्था र सचेतनावादीहरूले चाडपर्वका दिनमा जुवातास नियन्त्रणका लागि विशेष गस्ती टोली खटाउन र कानुनी कारबाही गर्न सरकारसँग माग गरेका छन् । उनीहरूको चेतावनी छ–जुवाको नियन्त्रण तुरुन्त नभए सामाजिक सन्तुलन भत्किनुका साथै अपराध दर बढ्ने खतरा छ ।

## बीरगन्ज मानवसेवा आश्रमद्धारा एक पुरुषको उद्धार

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०६ असोज***



पर्सा जिल्लाको बीरगन्ज महानगरपालिका-१४ स्थित चिनिमिल आवास क्षेत्र (पर्यटन विकास कार्यालय अगाडि) बाट सोमबार दिउँसो एक पुरुषलाई उद्धार गरिएको छ । अन्दाजी ३५ वर्षको देखिने ती पुरुषले आफ्नो नाम, थर र ठेगाना स्पष्ट रूपमा भन्न नसकेको मानवसेवा आश्रमले जनाएको छ । उद्धार कार्यमा आश्रमका संस्थापक अभियन्ता देवेश गुप्ता, सामाजिक अभियन्ता प्रकाश थारु, उद्योग वाणिज्य संघ पर्साका अध्यक्ष तथा आश्रमका अभिभावक परिवार संयोजक हरि गौतम, आश्रमका केन्द्रीय सदस्य बिबेक महतो, प्रहरी चौकी गण्डकका प्रहरी हवल्दार लाल बाबु प्रसाद कुशवाहा तथा आश्रमका स्वयंसेवकहरूको सक्रिय भूमिका रहेको थियो । उद्धारपछि आश्रममा ल्याइएका ती पुरुषलाई नुहाइधुवाइ तथा सरसफाइ गराइएको छ । उनको स्वास्थ्य परीक्षण र आवश्यक उपचार आश्रमका नियमित चिकित्सक डा. भरत गोईको निगरानीमा गरिने आश्रमले जनाएको छ । मानवसेवा आश्रमले समाजमा असहाय, बेसाहारा र उपचारविहीन अवस्थामा रहेका व्यक्तिहरूलाई उद्धार गरी उपचार, पुनर्स्थापना र सामाजिक पुनःएकीकरणमा सहयोग गर्दै आएको छ ।

## पार्किङमै बसेर सेवा दिन थालेको निजगढ नगरपालिका

***बारा,०६ असोज ।***



जेनजी आन्दोलनका क्रममा कार्यालयमा भीषण क्षति पुगेपछि निजगढ नगरपालिकाले आफ्ना अत्यावश्यक सेवा पार्किङ क्षेत्रमै सुरु गरेको छ । भदौ २३ गते कार्यालयमा आगजनी र तोडफोड हुँदा शिक्षा, स्वास्थ्य, कृषि, राजस्व, आर्थिक प्रशासनलगायत शाखाका अभिलेख, फाइल, कम्प्युटर, औजारदेखि पुराना कागजातसम्म जलेर नष्ट भएका थिए । भवनको संरचना समेत प्रयोगयोग्य नरहेपछि शुक्रबारदेखि पार्किङमै टेबल-कुर्सी राखेर सेवा सुरु गरिएको प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र बहादुर अर्यालले जानकारी दिए । उनका अनुसार २० वर्ष पुराना अभिलेखसमेत नियोजित ढंगले जलाइएको देखिन्छ, तर कसले र किन यस्तो गऱ्यो भन्ने प्रष्ट छैन । हाल राजस्वलगायत केही सेवा सञ्चालनको तयारी भए पनि अन्य शाखा पुनः सुरु गर्ने विषयमा छलफल भइरहेको उनले बताए ।

नगरपालिकामा सबैभन्दा धेरै क्षति स्वास्थ्य शाखामा पुगेको छ । ९८ प्रकारका निःशुल्क औषधि, ३५ थरी सर्जिकल सामग्री र अन्य आयुर्वेदिक औषधि जलेर करिब ५५ लाख रुपैयाँ बराबरको नोक्सानी भएको स्वास्थ्य शाखा प्रमुख रमेश लामाले बताए । यसले स्थानीय स्वास्थ्य संस्था र गरिब-विपन्न जनतामा औषधि अभाव निम्त्याउने चिन्ता बढेको छ ।यसैबीच, नगरपालिकाले यस वर्षका लागि स्वीकृत करिब १ अर्ब रुपैयाँ बजेट पनि प्रभावित हुने भएको छ । भवन र वडा कार्यालय पुनर्निर्माणमा ठुलो हिस्सा खर्चनुपर्ने देखिएकाले अन्य विकास योजनामा कटौती गर्नुपर्ने अवस्था आएको प्रशासकीय अधिकृत अर्यालले बताए ।

## २२ किलो सुन प्रकरणमा भारतीय नागरिकलाई अदालतले धरौटीमा छाड्ने आदेश

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०६ असोज***




बीरगन्ज जिल्ला अदालत बाराले २२ किलो सुन बरामद प्रकरण सम्बन्धी राजस्व चुहावट तथा सम्पत्ति शुद्धिकरण मुद्दामा भारतीय नागरिक अशोक कुमार सिन्हा र उनकी छोरी निवेदीका सिन्हालाई धरौटीमा छाड्ने आदेश दिएको छ । अदालतको ईजलास नम्बर १ का न्यायाधीश भोला ढकालले उनीहरू अदालतमा उपस्थित नभएको अवस्थामा पनि धरौटीमा छाड्ने निर्णय गरेका हुन् । स्रोतका अनुसार भारतको रक्सौल, पूर्वी चम्पारण, बिहारका ५८ वर्षीय अशोक र ३२ वर्षीय निवेदीकाको ठाँउमा अर्को दुई भारतीय नागरिकलाई हाजिर गराएर आदेश लागू गरिएको थियो ।राजस्व चुहावट मुद्धामा उनीहरूलाई जनही १५ लाख रुपैयाँ धरौटी राख्न भनिएको थियो भने सम्पत्ति शुद्धिकरण मुद्धामा अशोकलाई १५ लाख र निवेदीकालाई १० लाख रुपैयाँ धरौटी तोकिएको थियो ।उल्लेखनीय छ कि २०७७ कात्तिक १ गते वीरगंज-५, रेशमकोठीस्थित गणेश अपार्टमेन्टबाट २२ किलो ५७६ ग्राम सुन बरामद गरिएको थियो । अपार्टमेन्ट अशोक सिन्हा बस्दै आएका थिए भने दर्ता निवेदीकाको नाममा रहेको थियो ।

बाँकी तेश्रो पृष्ठमा⇨

## पर्साबाट चरेस बरामद

***बीरगन्ज,०६ असोज ।***

पर्सा जिल्ला पोखरिया नगरपालिका-७, जगतपुर मननपुरमा प्रहरीले करिब १९.१२६ किलो चरेस बरामद गरेको छ । विशेष सूचनाको आधारमा प्रहरी टोलीले स.प्र.नि. चेतन बाह्रकोटीको कमाण्डमा ६ जनाको मोटरसाइकल गस्ती टोलीमार्फत छापा मारेका थिए । बरामद गरिएको चरेस दुईवटा कालो झोलामा कार्टुनभित्र लुकाइ राखिएको अवस्थामा फेला परेको प्रहरीले जनाएको छ । छापा मार्दा घरमा कुनै व्यक्ति उपस्थित थिएन । बरामद चरेसलाई थप कारबाहीका लागि सु.बेश पोखरिया अन्तर्गत खटिएको स.प्र.ना.उ. सम्भु कटुवालको टोलीमार्फत ईलाका प्रहरी कार्यालय पोखरियामा बुझाउने प्रक्रिया जारी छ ।

## स्वर्गीय श्रेष्ठ स्मृतिमा ठोरी गोल्ड कप फुटबल प्रतियोगिता असोज १३ देखि सुरु

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०६ असोज***

पर्साको ठोरी गाउँपालिकामा स्वर्गीय समाजसेवी रामबहादुर श्रेष्ठको सम्झनामा आयोजना हुने चौथो "ठोरी गोल्ड कप" फुटबल प्रतियोगिता यस वर्ष असोज १३ गते फुलपातीको दिनदेखि सुरु हुने भएको छ । प्रतियोगिताको उद्घाटन खेलमा कलकत्ता र झापाका टोली आमनेसामने हुने हुँदा पहिलो दिनको खेल विशेष रोचक हुने आयोजक प्रतिभा यूवा क्लब बिजयबस्तीका अध्यक्ष गोपी श्रेष्ठले बताएका छन् । प्रतियोगितालाई व्यवस्थित गर्न करिब दुई महिनादेखि तयारी भइरहेको छ । मैदानको एक भागमा करिब ४०० दर्शक बस्ने प्याराफिट निर्माण गरिएको छ, जसको टिकट लिएर खेल हेर्न सकिनेछ भने बाँकी भागबाट निःशुल्क अवलोकन गर्न सकिनेछ । प्रतियोगिताको प्रथम पुरस्कार ३ लाख ५० हजार र द्वितीय पुरस्कार १ लाख ७५ हजार रुपैयाँ तोकिएको छ । प्रतियोगितामा

बाँकी तेश्रो पृष्ठमा⇨

## हेटौंडामा सवारी दुर्घटना हुँदा ३१ जना घाइते

***हेटौंडा,०६ असोज ।***

हेटौंडा उपमहानगरपालिका-१९ बस्तीपुरमा बस, ट्रक र तेल ट्यांकर एक आपसमा ठोक्किएर दुर्घटना भएको छ ।पूर्व-पश्चिम राजमार्गअन्तर्गत् बस्तिपुरमा तीन वटा सवारी दुर्घटना हुँदा ३१ जना घाइते भएको घटनास्थलमा रहेका जिल्ला प्रहरी कार्यालय मकवानपुरका निमित्त प्रहरी प्रमुख प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले जानकारी दिए । घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर रहेको अर्यालले बताए । घाइतेहरुलाई उपचारका लागि हेटौंडा अस्पताल र सीएमसी चुरेहिल हस्पिटल हेटौंडा पठाइएको छ । चितवनबाट बीरगञ्ज पर्सा जाँदै गरेको ना ६ ख २११९ नम्बरको यात्रुबाहक बसको अगाडिको चक्का पड्किएर अनियन्त्रित हुँदा विपरित दिशाबाट आएको ना ६ ख ८१८० नम्बरको मालबाहक ट्रकसँग ठोक्किएको थियो ।

ट्रक अनियन्त्रित भएर काठमाडौंबाट बारातर्फ जाँदै गरेको ना ७ ख १७७४ नम्बरको पेट्रोलियम पदार्थ ढुवानी गर्ने ट्यांकरसँग ठक्कर खाएको डिएसपी अर्यालले जानकारी दिए ।

**नेपाल पोष्ट डेलीका लागि**

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सह-सम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०

## सम्पादकीय

### सरकारमा जेनजी प्रतिनिधित्व गराऊ

ऐतिहासिक जेनजी विद्रोहपछि बनेको अन्तरिम सरकारका प्रधानमन्त्री सुशीला कार्की मन्त्रिमण्डल बिस्तारको गृहकार्यमा छिन् । होनाहार युवा गुमाउनुपर्दा मुलुक शोकमा छ । आगजनी, तोडफोड र लुटपाटले राष्ट्रिय सम्पत्तिमा अकल्पनीय क्षति पुगेको छ । निजी क्षेत्रले उस्तै क्षति ब्यहोर्नुपरेको छ । आमनागरिकमा चरम निराशा उत्पन्न भएको छ । यस्तो कठिन परिस्थितिमा आमनागरिकको मनोबल उच्च राख्न, नयाँ आशा र उत्साह जगाउन पनि प्रधानमन्त्री कार्कीले मन्त्रीका लागि विवादरहित व्यक्तिको खोजी गरिरहेकी छिन् । जेजति नामको चर्चा भइरहेको छ, त्यसमा आन्दोलनको मुख्य सरोवारवाला जेनजी पुस्ता छुटिरहेको छ । आन्दोलनकारी शक्तिको प्रतिनिधित्वविना सरकार अपूर्ण हुने तथ्यलाई प्रधानमन्त्री कार्कीले बिर्सनु हुँदैन । पक्कै पनि, कठिन परिस्थिति सम्हाल्नु चुनौतीपूर्ण छ । देशको नाजुक परिस्थिति सम्हालेर ६ महिनाभित्र आमचुनाव गरेर जननिर्वाचित सरकारलाई सत्ता सुम्पिनु अहिलेको सरकारको मुख्य दायित्व हो । त्यसअघि तत्कालै गर्नुपर्ने कामहरुको लामै सूची सरकारसामु छन् । मुख्यतः आन्दोलनकारी शक्तिका तत्कालीन मागहरु पूरा गर्नुपर्छ । अहिले पनि थुप्रै घाइतेहरु अस्पतालमा उपचाररत छन् । प्रदर्शनका क्रममा ज्यान गुमाएका परिवारको पीडामा मल्हम लगाउनुपर्ने छ । त्यसका लागि २३ भदौंको राज्य दमन र २४ भदौंको विध्वंसको न्यायिक छानबिन गरी दोषीलाई कारबाहीको दायरामा ल्याउनुपर्ने छ । अर्को, जेनजी प्रदर्शनको मुख्य माग भ्रष्टाचार छानबिनलाई अघि बढाउनुपर्छ । राजनीतिक दलसँग पनि राम्रो समन्वय गरेर तोकिएकै मितिमा आमचुनाव गर्नेगरी अन्तरिम सरकार अघि बढ्नुपर्छ । त्यसपछि मात्र मुलुक चुनावी प्रक्रियामा अघि बढ्नसक्छ । यी सबै काममा मुख्य सरोकारवाला शक्ति जेनजी वर्गको उचित प्रतिनिधित्व र सहभागिता हुनु अपरिहार्य छ । अन्यथा, जेनजी आन्दोलनपछि पनि सरकारमा युवा अनुहार देखिने छैन । यतिठूलो परिवर्तनपछि पनि कुनै न कुनै रुपमा परीक्षण भइसकेका पूर्वन्यायाधीश, पूर्वकर्मचारी, प्रशासक वा वकिल-अभियन्ताको सरकार बन्ने खतरा छ । त्यसले आन्दोलनको मर्म सम्बोधन गर्न सक्दैन । अतः जेनजी अगुवाहरुले माग गरेअनुसार, अन्तरिम सरकारमा कम्तिमा पनि ५० प्रतिशत जेनजी प्रतिनिधित्व गरिनुपर्छ । त्यसले सरकारको अनुहार नै फेरिने छ । युवा पुस्ताको माग सरकार र प्रमुख तीन राजनीतिक दलहरुमा नेतृत्व परिवर्तन मात्र हैन, मन्त्रालय हाँक्ने युवा अनुहारको खोजी पनि हो । त्यसका लागि यो अनुकूल समय हो ।

# चुनौतीको चाङमा चुनावी सरकार

**राजाराम गौतम**

नेपालको संविधान घोषणाको एक दशक पूरा भएको छ । अनेक चोटपटक खेप्दै दस वर्ष बिताएको संविधान फेरि एकचोटि 'घायल' छ । विज्ञहरू भन्छन्, 'संविधान कोमामा छ तर मृत भइसकेको छैन ।' अन्तरिम सरकार र राजनीतिक दलहरूले असोज ३ मा संविधान दिवसको औपचारिक उत्सव मनाएर कम्तीमा यो जीवितै भएको आभास दिलाएका छन् । विगत वर्षमा जस्तो दीपावली गरेर भव्य हिसाबले नमनाइए पनि सैनिक मञ्च टुँडिखेल, राष्ट्रपति भवन शीतल निवास, दलहरूका कार्यालयमा भएका कार्यक्रम अनि नेताहरूका विज्ञप्तिले संविधानको धुकधुकी बाँकी रहेको अनुभूति दियो । संविधानवेत्ताहरू भन्ने गर्छन्, 'संविधानले आफैं काम गर्दैन, त्यसलाई काम गराउनुपर्छ ।' सम्भवतः राष्ट्रपति रामचन्द्र पौडेलले अहिलेको विषम परिवेशमा विज्ञहरूले सुझाएको यही मर्म मनन गरेर संविधान 'मर्न' दिएनन् । गत भदौ २३ मा जेनेरेसन जेड (जेन-जी) ले सुरु गरेको सडक प्रदर्शनमा सरकारले गरेको नृशंस हत्या र भदौ २४ मा भएको विध्वंसपछि उत्पन्न राष्ट्रिय संकटका बेला राष्ट्रपति पौडेल चर्को दबाबमा थिए । देश इतिहासकै कठिन मोडमा थियो । अन्योल, आतंक, असुरक्षा अनि निराशा चुलीमा पुगेर आम आत्मविश्वास खण्डित भएको थियो । यही बेला नियोजित अस्थिरता सिर्जना गरेर त्यसको आडमा आग्रहको रोटी सेक्न उद्यत दृश्य/अदृश्य,




घरेलु/बाह्य शक्ति स्वार्थहरू उद्यत थिए । सेनाले राजनीतिक संवादको अग्रसरता लिँदै निकासको सहजीकरण गर्दै थियो । अन्योल र आशंकाका बादलहरू मडारिँदै थिए । त्यो परिस्थितिमा राष्ट्रपतिको देखिने भूमिका 'कालो बादलमा चाँदी घेरा' बन्यो । उनले ६ महिनामा निर्वाचन गर्ने म्यान्डेटसहित पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई अन्तरिम सरकारको प्रधानमन्त्री नियुक्त गरे । सँगै नवनियुक्त प्रधानमन्त्री कार्कीको सिफारिसमा संसद् विघटन पनि गरे । संविधानले फेरि चोट खेप्यो । तर, मुलुक जुन चरम संकटको अवस्थामा थियो/छ, भएमध्येको उचित विकल्प भनेर सबैले चित्त बुझाएका छन् । संसद् विघटनप्रति दलहरूले प्रश्न उठाएर आफ्नो 'पोजिसन' राखेका छन्, यद्यपि निर्वाचनबाट पुनः संविधानलाई लिकमा फर्काउनुपर्ने कुरामा सबै एकमत देखिएका छन् ।

के त्यसो भए अब तोकिएकै समयमा निर्वाचन हुन्छ ? अनि, संविधान र मुलुकको राजनीति पुनः लिकमै सजिलै फर्किन्छ त ? यति बेला यो आम चासोको प्रश्न हो । यो प्रश्न जति सरल सुनिन्छ, समयक्रमसँगै यसको कार्यान्वयन उत्तिकै जटिल हुँदै जानेछ । यो विश्लेषण यही प्रश्न वरिपरि रहनेछ । पहिले सकारात्मक पाटो हेरौं । अन्तरिम सरकारकी प्रधानमन्त्री कार्कीसामु चुनावलाई लिएर अनुकूलता नै अनुकूलता देखिन्छन्, यति बेला । पहिलो कुरा त, अन्तरिम सरकारका लागि उनी सर्वस्वीकार्य पात्र बन्न पुगिन् । उनको निष्कलंक चरित्र अनि हक्की स्वभावका कारण 'केही भइहाल्छ कि' भनेर मान्छेहरूमा आशा पलाएको छ । एकाध मान्छेले छिटपुट असन्तुष्टि प्रकट गरे पनि यो संकटपूर्ण घडीमा उनको नेतृत्वलाई लिएर नागरिक वृत्तमा आशा जागेको छ । उनले प्रशस्त 'शंकाको सुविधा' पाएकी छन् । सरकारको नेतृत्व लिएपछि उनले आफ्नो मुख्य कार्यसूचीमा निर्वाचन राखेकी छन् । उनले भनेकी छन्, '६ महिनामा चुनाव सम्पन्न गराएर सत्ता हस्तान्तरण गर्न यो सरकार कटिबद्ध छ ।' छिमेकी मुलुक तथा विश्वका अरू मैत्री राष्ट्रहरूले पनि कार्कीको नेतृत्वलाई सकारात्मक रूपमा लिएका छन् । भारतले त अधिक चासो राख्दै सहयोग र सहकार्य गर्ने बताएको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले फोन वार्ता गरेर कार्कीलाई ढाडस दिएका छन् । प्रमुख दलहरूले संसद् विघटनको विरोध गरे पनि निर्वाचनमा भाग नलिने भनेका छैनन् । बरु, समयमै निर्वाचन हुनुपर्ने र 'फेस' गर्ने बताइरहेका छन् । निर्वाचन आयोग तयारीमा जुटिसकेको छ । तर, के यी अनुकूलता निर्धारित समयमै निर्वाचन सम्पन्न हुने पर्याप्त आधारहरू हुन् ? सरकारसामु जति अनुकूलता छन्, त्यत्तिकै प्रतिकूलताहरू पनि छन् । खासमा कार्की नेतृत्वको अन्तरिम सरकारले आफ्ना चुनौतीहरू चिन्न र चिर्न सकेन भने समयमै निर्वाचन सम्पन्न गर्ने कुरा उसका लागि 'फलामको च्युरा' सावित हुन सक्छ । के-के हुन सक्छन्, ती चुनौतीहरू ? पहिलो, शान्तिसुरक्षा र कानुनी शासनको प्रत्याभूति । सरकारले आम मतदातालाई निर्धक्क मतदान गर्न सक्ने वातावरण बनाउन सक्ला ? यति बेला सुरक्षा प्रशासनको मनोबल खस्केर पिँधमा पुगेको छ । जेन-जी विद्रोह र त्यसपछिको विध्वंसका क्रममा प्रहरी, सशस्त्र बललगायतको सुरक्षा प्रशासनको भौतिक संरचना मात्रै नाश गरिएन, मनोबल पनि कमजोर भएको छ । नेपाली सेनाको सुरक्षा घेराभित्र रहेको मुलुकको प्रशासनिक

बाँकी तेश्रो पृष्ठमा

# "बा" हरुको शासन खोसेर "निर्भीक आमा" को जिम्मा

**कुलचन्द्र भट्टराई**

कुलचन्द्र भट्टराई,' बा' हरूको शासनबाट आजित र प्रताडित जनताले गरेको विद्रोहपछि राज्य सञ्चालनको जिम्मेवारी ' आमा' को काँधमा आइपरेको छ । भ्रष्टाचार र कुशासनले जकडिएको 'बा' हरूको शासनबाट जनताले तत्कालका लागि मुक्ति पाएका छन् । भलै 'बा' हरूले संविधान र कानुनको त्यान्द्रो समात्दै अझै सत्तामा फर्कने संघर्ष जारी राखेका छन् । अब 'बा' हरूबाट जनतालाई जोगाउनु छ । जेन-जीहरूले संघर्ष गरेर 'बा' को सत्ता ढालिदिएका छन् । पटक-पटक विद्रोहको चेतावनी दिँदा पनि नसुनेपछि बाहरूलाई खरानी बनाउने कसम खाएर मैदानमा उत्रिएका तातो रगत भएका युवाले बलिदानी दिएका हुन् । तिनै युवाहरूले बगाएको रगतको टीका लगाएर 'आमा' ले शपथ लिएकी छन् । देशको पहिलो महिला प्रधानन्यायाधीश बनेर इतिहास रचेकी सुशीला कार्की पहिलो महिला प्रधानमन्त्रीसमेत बनेकी छन् । अर्थात् युवाहरूले ७३ वर्षीया 'आमा' लाई देश बनाउने जिम्मा दिएका छन् । 'बा' हरूले गरेको बदमासी अन्त्य गर्न, भ्रष्टाचार नियन्त्रण गर्न, सुशासन कायम गर्ने जिम्मेवारी उनको काँधमा आएको छ । न्यायपालिकामा लामो समय काम गरेर नेतृत्वसम्मै पुग्दा पनि आफ्नो छविमा कुनै दाग नलगाई अवकाश पाएकी कार्की झन्डै आठ वर्षको विश्रामपछि पुनः देशकै कार्यकारी जिम्मेवारीमा पुगेकी हुन् । उनी आफैं संविधान र कानुनको व्याख्याता हुन् । भलै प्रधानमन्त्रीको शपथ लिँदा संविधानको गलत व्याख्यामार्फत उनले नेतृत्व लिएको भनेर आलोचना भइरहेको छ । तर, त्यो देश, समय र परिस्थितिको मागका रूपमा जनताले हेरेका छन् । युवाले गरेको राजनीतिक क्रान्तिले उनलाई प्रधानमन्त्री बनाउने आधार तयार पारेको हो । संविधान, कानुन, राजनीतिक दलका विधि र विधानभन्दा फरक प्रक्रियाबाट उनले नसोचेको जिम्मेवारी लिनुपरेको हो । सुशीला कार्कीले देश बनाउन पाएको अवसर त छ नै, सँगसँगै बाटोमा काँडैकाँडा बिछ्याइएको छ । जुनसुकै बेला उनलाई ती काँडाले घोच्नेछ । जता जान खोज्दा पनि सहज हुनेछैन । किनकि, यसअघि दशकौंदेखि कहिले कांग्रेस त कहिले एमाले र कहिले माओवादीका नाममा सत्तामा हालीमुहाली गर्ने 'बा' हरूले रोपेका काँडा एकै पटक झिकेर फाल्न सहज छैन । न्यायपालिकाको नेतृत्वमा रहँदा हक्की र इमानदार स्वभावका कारण चर्चामा आएकी पूर्वप्रधानन्यायाधीश कार्कीले जेन-जीको प्रदर्शनका क्रममा भएको क्षतिग्रस्त संरचनाबाट मुलुकलाई नेतृत्व प्रदान गरेर अबको निर्वाचनपछि आउने नयाँ जनप्रतिनिधिलाई सत्ता हस्तान्तरण गर्नसमेत चुनौती छ । किनकि, ६ महिनाभित्रै निर्वाचन गर्न नसकेमा उनलाई अक्षम घोषणा गर्ने अधिकार राष्ट्रपतिमा निहित छ । राष्ट्रपतिलाई कार्यकारी अधिकार प्रदान गरिएको छ । जुन अधिकार जुनसुकै बेला पनि दुरुपयोग हुने खतरा छ । किनकि, राष्ट्रपति उनै व्यक्ति छन् जो कांग्रेसको राजनीतिबाट आएका छन् । चुनाव गराउँदा आफ्नो अस्तित्व नै संकटमा पर्ने डर तिनै नेता र दलहरूलाई छ, जुन नेता तथा दलहरू अहिलेको आन्दोलनका कारण घाइते अवस्थामा छन् । अहिले कांग्रेस, एमाले र माओवादी केन्द्र जस्ता दलहरू घाइते भएका छन् । तत्काल चुनाव भयो भने उनीहरूलाई जनताले विश्वास गर्न सक्दैनन् । जनताको विश्वास जित्ने काम उनीहरूले सत्तामा हुँदा कहिल्यै गरेनन् । बरु आफ्नो सात पुस्तालाई पुग्ने सम्पत्ति आर्जन गर्न तल्लीन भए । त्यति हुँदा पनि जनतालाई गुमराहमा राखेर सत्ता र शक्तिमै टाँसिन तल्लीन भए । जनताले गरेको विद्रोह दबाउन लागे । युगको आवश्यकता र देशको वास्तविकता कहिल्यै बुझ्न चाहेनन् । कार्यपालिकाको नेतृत्व सुशीला कार्कीले लिए पनि देश चलाउने कर्मचारीले नै हो । कर्मचारीले सहज महसुस गरेनन् भने कार्कीलाई पनि सहज हुनेछैन । तर कार्की नेतृत्वलाई स्वीकार गर्न कर्मचारीलाई सकस पर्नेछ । देशमा बढेको भ्रष्टाचारमा नेता तथा कर्मचारीको मिलेमतो छ भन्नेमा दुईमत छैन । यो अवस्थामा भ्रष्टाचारविरुद्ध निकै खरो रूपमा उत्रिने कार्कीलाई कर्मचारीलाई सहज रूपमा काम लगाउन पनि चुनौती छ । प्रधानन्यायाधीशबाट अवकाश पाउन करिब ४० दिन बाँकी छँदा उनले महाभियोगको सामना गर्नुपरेको थियो । सत्तामा रहेका कांग्रेस र माओवादी सांसदले उनीविरुद्ध महाभियोगको प्रस्ताव दर्ता गरे, पछि सर्वोच्च अदालतकै अन्तरिम आदेशका कारण महाभियोगको प्रस्ताव निस्तेज भयो । तर त्यसको ईख कांग्रेस र माओवादीका नेतामाथि साध्ने खतरा पनि उत्तिकै छ । अहिले सुशीला कार्की प्रधानमन्त्री बन्नुमा सबैभन्दा ठूलो योगदान जेन-जीको छ । जेन-जीले भ्रष्टाचारविरुद्ध आन्दोलन गरेका हुन् । उनीहरूले भ्रष्टाचारमा संलग्नलाई कडा कारबाही गर्न माग गरेका छन् । अब प्रधानमन्त्रीले भ्रष्टाचार छानबिन गर्न तत्काल आयोग गठन गर्नुपर्नेछ । आयोग बनाएर मात्र होइन, उनले चुनाव गराउनुअघि नै त्यसको प्रतिवेदन लिएर कार्यान्वयन गर्नुपर्छ ।

अनि मात्र जेन-जी आन्दोलनका क्रममा मारिएका सहिदको सम्मान हुनेछ । तर त्यो काम गर्न त्यति सहज छैन । संविधानको व्याख्या अदालतले गर्ने भए पनि दलहरूले कार्कीको नियुक्ति भएदेखि नै त्यो सुरु गरिसकेका छन् । अदालतमा पुगेर रोक्ने प्रयास सुरु भइसकेको छ । भ्रष्टाचार र कुशासनविरुद्ध निकै आक्रामक देखिने कार्कीले आफ्नो सम्पत्ति छानबिन गर्ने डर नेतालाई मात्र होइन, कर्मचारीलाई पनि छ । किनकि, न्यायपालिकाको सर्वोच्च पदमा रहँदा कार्कीले नेता, कर्मचारी, व्यापारीदेखि बिचौलियासम्मको नाडी छामिसकेकी छन् । उनले अब आफूहरूलाई नछाड्ने सबैभन्दा ठूलो डर नेताहरूमा छ । नागरिकको चाहना सुशासन कायम होस् भन्ने छ । जेन-जीले उठाएको प्रमुख माग नै भ्रष्टाचार नियन्त्रण गरी सुशासन कायम गर्नु हो । यसैगरी सेवा प्रवाहमा भएको ढिलाइको पनि व्यापक आलोचना हुँदै आएको छ । अब कार्की नेतृत्वको सरकारले यस्ता विषयलाई कसरी सुधार गर्ने भन्ने चुनौती छ । यो चुनौती पार लगाउन कार्कीलाई सहज छैन । वर्षौंदेखि जकडिएको लुटतन्त्र रोक्न कार्कीका लागि ६ महिनाको समय पर्याप्त छैन, भलै नागरिकले सहयोग गरेमा जग भने बसाल्न सकिन्छ ।

बाँकी तेश्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय समाचार

## किमको प्रस्ताव : ट्रम्पसँगका "मनपर्ने सम्झना", आणविक हतियारसहित अमेरिकी वार्तामा खुला

*काठमाडौं,०६ असोज ।*

उत्तर कोरियाली नेता किम जोङ उनले आफूलाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँगको 'मनपर्ने सम्झना' अझै ताजा रहेको बताएका छन् । उनले यदि आफ्नो आणविक शस्त्रागार कायम राख्न पाउने हो भने अमेरिकासँग भविष्यका वार्ताका लागि खुला रहने संकेत दिएका छन् ।



किम र ट्रम्पबीच ट्रम्पको पहिलो कार्यकालमा तीन पटक उच्च-स्तरीय शिखर बैठक भएको थियो । तर, प्योङयाङले आफ्नो आणविक कार्यक्रमबारे के छुट दिन सक्ने भन्नेमा सहमति नजुटेपछि सन् २०१९ मा हनोईमा भएको अन्तिम वार्ता असफल भयो ।

वर्षौंदेखि अमेरिकाले आणविक निशस्त्रीकरणको माग गर्दै आएको छ । यो नै दुवै देशबीचको मुख्य अड्चन हो । उत्तर कोरियाले भने संयुक्त राष्ट्रसङ्घका कठोर प्रतिबन्धका बीच आफ्नो आणविक र मिसाइल कार्यक्रमलाई निरन्तर अघि बढाइरहेको छ । 'यदि अमेरिकाले आणविक निशस्त्रीकरणको भ्रम त्यागेर वास्तविकतालाई स्वीकार्छ र शान्तिपूर्ण सहअस्तित्व चाहन्छ भने हामी तयार छौँ', किमले संसद्मा दिएको विस्तृत भाषणमा भने, 'म अझै पनि राष्ट्रपति ट्रम्पसँगका मनपर्ने सम्झनाहरू राख्छु ।'

तर उनले उत्तर कोरियाले आफ्नो आणविक हतियार कहिल्यै नछाड्ने स्पष्ट पारे । 'अमेरिकाले अरूलाई आणविक हतियार त्याग्न बाध्य पारेपछि के हुन्छ भन्ने कुरा विश्वलाई थाहा छ । हामीले आफ्नो हतियार कहिल्यै छाड्ने छैनौं ।'किमले प्रतिबन्धहरूले उल्टै उत्तर कोरियालाई बलियो र आत्मनिर्भर बन्न मद्दत गरेको दाबी गरे । दक्षिण कोरियासँगको सम्बन्धबारे भने उहाँले कडा शब्दमा 'हामीसँग उनीहरूसँग बस्नुपर्ने कुनै कारण छैन' भन्दै कुनै पनि प्रकारको सहकार्य अस्वीकार गरे ।

उत्तर कोरियाले हालसालै दक्षिण कोरियालाई प्रमुख शत्रु घोषणा गर्दै दुवैलाई जोड्ने रेल र सडक अवरोध गरेको छ ।

## नेतान्याहुको चेतावनी - कुनै हालतमा प्यालेस्टिनी राज्य हुनेछैन

*काठमाडौं,०६ असोज ।*

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले बेलायत, क्यानाडा र अस्ट्रेलियाले प्यालेस्टाइनलाई मान्यता दिएको कदमको कडा विरोध गर्दै जोर्डन नदीको पश्चिममा कुनै पनि हालतमा प्यालेस्टिनी राज्य नहुने स्पष्ट चेतावनी दिएका छन् ।अमेरिका भ्रमणपछि औपचारिक जवाफ दिने घोषणा गर्दै नेतान्याहुले भने, 'त्यहाँ प्यालेस्टिनी राज्य हुनेछैन । हाम्रो भूमिको मुटुमा आतंकवादी राज्य निर्माण गर्ने प्रयास अस्वीकार्य छ ।' प्यालेस्टाइनलाई मान्यता दिँदै यी मुलुकहरूले आतंकवादलाई 'ठूलो पुरस्कार' दिएको उनले आरोप लगाए । 'अक्टोबर ७ को नरसंहारपछि प्यालेस्टिनी राज्यलाई मान्यता दिने नेताहरूलाई मेरो सन्देश छ - तपाईंहरूले आतंकवादलाई पुरस्कार दिइरहेका छन् । तर यो कहिल्यै सफल हुने छैन', उनले भने । नेतान्याहुले भने, 'वर्षौंदेखि मैले आन्तरिक र बाह्य दबाबका बाबजुद आतंकवादी राज्य बन्न दिइनँ । हामीले यहुदिया र सामरियामा यहुदी बस्तीहरू दोब्बर बनाएका छौं र यो मार्गमा निरन्तर अघि बढ्नेछौं ।' अस्ट्रेलिया, क्यानाडा र बेलायतले संयुक्त रूपमा आइतबार प्यालेस्टिनी राज्यलाई मान्यता दिँदै दुई-राज्य समाधानको आह्वान गरेका थिए । यद्यपि, तिनीहरूले हमासको तत्काल अन्त्य हुनुपर्ने पनि जोड दिएका छन् । अस्ट्रेलियाको प्रधानमन्त्री कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'अस्ट्रेलियाले स्वतन्त्र र सार्वभौम प्यालेस्टाइनलाई मान्यता दिन्छ । यसो गर्दा, हामी प्यालेस्टिनी जनताको आफ्नै राज्यप्रतिको वैध र लामो आकांक्षालाई स्वीकार्छौं ।'



यसबीच, इजरायली विदेश मन्त्रालयले यस्ता घोषणाले शान्तिलाई कमजोर पार्ने र क्षेत्रलाई अझ अस्थिर बनाउने चेतावनी दिएको छ ।

मन्त्रालयको वक्तव्यमा भनिएको छ, 'इजरायलले संयुक्त अधिराज्य र अन्य केही देशहरूले गरेको मान्यताको एकतर्फी घोषणा स्पष्ट रूपमा अस्वीकार गर्छ । यसले शान्तिलाई प्रोत्साहन गर्दैन, बरु भविष्यमा शान्तिपूर्ण समाधानको सम्भावनालाई कमजोर बनाउँछ ।'

## बङ्गलादेशमा डेङ्गुका कारण एकै दिन १२ जनाको मृत्यु

*काठमाडौं,०६ असोज ।*

बङ्गलादेश स्वास्थ्य सेवा महानिर्देशनालयले आइतबार सार्वजनिक गरेको रिपोर्ट अनुसार, देशमा डेङ्गु सङ्क्रमणका कारण एकैदिन १२ जनाको मृत्यु भएको छ, जुन यस वर्षका लागि सबैभन्दा उच्च मृत्यु सङ्ख्या हो । हालसम्म डेङ्गुबाट मृत्यु हुनेहरूको कुल सङ्ख्या १७९ पुगेको स्वास्थ्य सेवा महानिर्देशनालयले जनाएको छ । पछिल्लो २४ घण्टामा ७४० नयाँ सङ्क्रमित फेला परेपछि यस वर्ष डेङ्गुका कुल सङ्क्रमितहरूको सङ्ख्या ४१ हजार ८३१ पुगेको छ ।



डेङ्गु रोग मुख्यतः वर्षायाम अर्थात् जुनदेखि सेप्टेम्बरसम्म बंगलादेशमा व्यापक रूपमा फैलिने गर्दछ । मच्छरजन्य रोगहरूका लागि संवेदनशील मानिने यस देशमा यस रोगको नियन्त्रणका लागि सतर्कता र प्रभावकारी कदम चालिनु आवश्यक रहेको विज्ञहरूले बताएका छन् । सरकारले डेङ्गु नियन्त्रण र रोकथाममा जनचेतना अभिवृद्धि गर्न विशेष पहल गर्ने जनाएको छ ।

## चुनौतीको चाङमा.............

केन्द्र जलेर खरानी भयो । न्यायालय, राष्ट्रपति भवनदेखि देशैभरि हिंसा र आगजनीका जे-जति घटना भए, त्यसले आमनागरिकलाई भयभीत बनाएको छ ।

त्यो भयग्रस्त मनोविज्ञानबाट नागरिक पंक्ति बाहिर निस्कन सकेको छैन ।केही अड्चन आइपरे उजुरी गर्न जाने गृह प्रशासन र कानुनी उपचार खोज्न जाने न्यायिक निकायहरू नै आहत छन् । प्रहरीहरू उच्च मनोबलसहित ड्युटीमा खटिन सकेका छैनन् । सुरक्षा प्रशासनको मनोबल, कानुनी शासनको प्रत्याभूति अनि आम मतदातालाई भयरहित हिसाबले मतदान केन्द्रसम्म पुर्‍याउने गरी विश्वासको वातावरण बनाउने कुरा यो सरकारको एउटा मुख्य चुनौती हुनेछ । दोस्रो, विश्वासको वातावरण तब बन्छ, जब सरकारले दण्डहीनताको अन्त्य गर्न सक्नेछ । साभार ईकान्तिपुर ।

## "बा" हरुको शासन......

प्रतिनिधिसभा त विघटन भयो, तर प्रदेशसभाहरूमा कांग्रेस, एमाले र माओवादी केन्द्रकै हालीमुहाली छ । संघबाट निर्णय गराएर पठाए कार्यान्वयन गर्ने ठाउँमा यिनै दलका नेता बसेका छन् । उनीहरूबाट सहयोग पाउने सम्भावना कमै छ र आफ्ना निर्णय कसरी लागू गर्ने भन्ने चुनौती पनि कार्कीमाथि छ ।एउटा मोर्चा वा दलले निश्चित माग राखेर गरेको आन्दोलन सफल भएर प्रधानमन्त्री बने सहज हुन्छ । तर, छरिएका असन्तुष्टिलाई एकीकृत गरी अघि बढ्न आफ्ना सहयोगी र सल्लाहकारको मात्र सुझाव लिएर हुँदैन । असन्तुष्ट समूहहरूलाई पनि सम्मान भाव प्रकट गरेर मिलाउन सक्नुपर्ने चुनौती कार्कीलाई छ ।सिंहदरबारको भित्तामा एक थान फोटो झुन्ड्याउन मात्र युवाले कार्कीलाई अवसर दिएका होइनन्, परिवर्तनको जिम्मेवारी पनि दिएका हुन् । भनिन्छ- 'आमा' ले सञ्चालन गरेको घर बढी अनुशासित हुन्छ । संस्कार राम्रो हुन्छ । अब देशलाई नयाँ गन्तव्यमा अघि बढाउन 'आमा' नेतृत्वको नयाँ सरकार कति सफल हुन्छ, हेर्न बाँकी नै छ । देशको आर्थिक अवस्थामा पनि आमूल सुधार गर्नुपर्ने दायित्व यसै सरकारमाथि छ ।जेन-जी आन्दोलनमा भएको क्षतिको मूल्यांकन गरेर तत्काल पुनर्निर्माण गर्नुपर्छ । आन्दोलनमा घुसपैठ भएकोबारे छानबिन गर्नुपर्नेछ । सार्वजनिक तथा निजी सम्पत्तिमा क्षति पुर्‍याउनेहरूलाई कारबाही गर्नुपर्नेछ । युवाका आकांक्षा सम्बोधन गर्नुपर्नेछ । साभार ईकान्तिपुर ।

## २२ किलो सुन प्रक......

अदालत स्रोतका अनुसार, मुद्दामा अदालतको आदेशपछि हाजिर भएका प्रतिनिधिहरूलाई आधार कार्डको आधारमा पेश गरी धरौटीमा छाडिएको हो । घटनापछि विभिन्न सञ्चार माध्यममा समाचार प्रकाशित भएपछि न्यायाधिश ढकाल बस्दै आएको कोठा सार्ने तयारीमा रहेको बुझिएको छ ।

## स्वर्गीय श्रेष्ठ स्मृति......

चितवन, हेटौंडा, लालबन्दी, वीरगञ्ज, बारा, झापा र भारतको कलकत्तासमेतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय टोलीहरू सहभागिता जनाउने भएका छन् । आयोजक समितिका अनुसार प्रतियोगिता थप प्रतिस्पर्धात्मक र आकर्षक हुने अपेक्षा गरिएको छ । फाइनल खेल कार्तिक ४ गते आयोजना गरिनेछ ।

## अमलेखगंजमा मिनि.........

२८ पोका गाँजा प्लास्टिकसहित बरामद गरिएको प्रहरीले जनाएको छ । बरामद गाँजाको तौल २३६ किलो ७५० ग्राम छ ।सो क्रममा मकवानपुर कैलाश गाउँपालिका-१० बस्ने ३८ वर्षीय रमेश रुम्बा (सानुलाल रुम्बाको छोरा) लाई नियन्त्रणमा लिइएको छ । मिनि ट्रक र गाँजा समेतसहित उनी अहिले इलाका प्रहरी कार्यालय अमलेखगंजमै राखिएको प्रहरीले जानकारी दिएको छ ।

## अब आमाको नाम........

आमाले तोकिए बमोजिम स्वघोषणा गरेमा पनि अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ । नयाँ ऐनले बाबु वा आमामध्ये आफूले रोजेको थर र ठेगाना राख्ने अधिकार सन्तानहरूलाई दिएको छ ।

'यस ऐनबमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिलाई आमा वा बाबुको थर र ठेगानामध्ये निजले रोजेको थर र ठेगाना उल्लेख गरी नागरिकता दिन सकिने छ,' ऐनमा थपिएको दफा ८ ९क०मा भनिएको छ । सर्वोच्च अदालतले यसअघि पनि सन्तानलाई बाबु वा आमाको थर र ठेगाना रोजेर नागरिकता दिन सकिने नजिर कायम गरेको थियो । तर त्यो व्यवहारमा सहज रूपमा लागु भएको थिएन ।

# स्वास्थ्य

## महिनावारी भएको कति दिनपछि गर्भ बस्छ ?




महिनावारी भएको कति दिनपछि गर्भ बस्ने सम्भावना हुन्छ ? यो जिज्ञासा अस्पताल आउने धेरै दम्पतीको हुन्छ । महिनावारी चक्रको विभिन्न चरणले नै महिलाको शरीरमा हुने जैविक परिवर्तन र गर्भधारणको सम्भावना निर्धारण गर्छ । महिना चक्र सामान्यतया २८ दिनको हुन्छ । कसैको बढीमा ३५ दिनको पनि हुनसक्छ । यही मितिलाई नै आधार मानेर गर्भ रहने समय कहिले उच्च छ भनेर अनुमान गर्न सकिन्छ । **कति दिनपछि गर्भ रहन्छ त ?** सामान्यतया महिनावारी भएको १४ दिनपछि यौन सम्बन्ध राखेमा गर्भावस्थाको सम्भावना धेरै हदसम्म बढ्छ । किनभने अण्डाशयबाट अण्डा निस्कने सही समय महिनावारी चक्र समाप्त भएको १४ दिनपछि हो । गर्भ रहन वीर्यको मिलन अण्डासँग हुन जरुरी छ । अण्डाशयबाट निस्कने अण्डा १२ देखि २४ घण्टासम्म बाँच्न सक्छ । सो समयभित्र यौन सम्पर्क भएमा शुक्रकीटले यसलाई निषेचन गर्छ, जसले गर्दा गर्भावस्था हुन्छ । महिलाको शरीरमा वीर्य तीन दिनसम्म जीवित रहन्छ । यस्तोमा अण्डा ननिस्किएको दुई दिनअघि यौन सम्बन्ध राखे पनि गर्भ रहने सम्भावना बढी हुन्छ । **गर्भ बस्ने प्रक्रिया** महिनावारीपछि प्रत्येक महिना महिलाको अण्डाशयबाट एउटा अण्डा निस्किन्छ । अण्डा उत्पादन भइरहेको समयमा यौन सम्पर्क हुँदा शुक्रकीटले अण्डालाई निषेचन गर्न सफल हुनसक्छ ।

र, निषेचित अण्डा पाठेघरमा पुग्छ, तब गर्भ रहन्छ । यो प्रक्रियाका लागि शुक्रकीट योनी र पाठेघर हुँदै डिम्ब नलीमा पुग्नु आवश्यक छ । निषेचन प्रक्रियापछि मात्र अण्डा कोषले डिम्बबाहिनी नलीको मद्दतले अण्डाशय छोड्छ । र, आफ्नो सही स्थान अर्थात् गर्भाशयमा पुग्छ । **गर्भधारणका लागि सही समय** यस्तो कुनै समय हुँदैन, जुन गर्भावस्थाका लागि सुरक्षित भन्न सकियोस् । महिनावारीको पहिलो दिनदेखि दशौं दिनसम्म गर्भधारणको सम्भावना धेरै कम हुन्छ । १२ देखि १८ दिनको अवधिमा भने गर्भधारणको सम्भावना उच्च रहन्छ । **अण्डा निस्किने समय पत्ता लगाउने एप कति विश्वसनीय ?**
याद गर्न सहज होस् भन्ने हिसाबले केही ओभुलेसन एपहरू पनि बनेका छन् । संसारभर ४०० भन्दा बढी प्रजनन एपहरू प्रयोग भइरहेका छन् । यी एपहरूलाई 'फ्यामटेक' नाम दिइएको छ । ती एप मार्फत ओभुलेसन कहिले हुन्छ भनेर थाहा पाउन सकिन्छ ।
एपमा महिनावारीको दिन रेकर्ड गर्ने क्यालेन्डर हुन्छ । जसको मद्दतले महिलालाई डिम्बाशय निस्कने समय थाहा पाउन सजिलो हुन्छ । यी एपहरू कति सही छन् भन्ने बारेमा धेरै प्रश्न उठेका छन् ।

ती एपहरुमा भएका अध्ययनले मात्र ४२.७ प्रतिशत एपले मात्र अण्डाशय निस्किने मिति बताउन सक्षम रहेको उल्लेख गरेको छ । अस्ट्रेलियाका अनुसन्धानकर्ताले ३६ वटा प्रजनन् एपहरूको अनुसन्धान गरेकोमा केवल ४२.७ प्रतिशत एपहरूले सही ओभुलेसन मिति बताउन सक्षम रहेको पुष्टि गरेको थियो ।

गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार
महागढीमाई नगरपालिकाको कार्यालय
बरियारपुर, बारा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
कालिकामाई गाँउपालिकाको कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।
फेटा गाँउपालिकाको कार्यालय, फेटा, बारा

निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निमार्ण कार्य गरौं ।
परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।
करैयामाई गाउँपालिकाकोकार्यालय
करैया, बारा

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
पटेर्वा सुगौली गाउँपालिकाको कार्यालय
पटेर्वा सुगौली, पर्सा

# अब आमाको नामबाटै वंशजको आधारमा नागरिकता लिन सहज



***काठमाडौं,०६ असोज ।***

राष्ट्रपति रामचन्द्र पौडेलले 'नेपाली नागरिकतालाई संशोधन गर्न बनेको विधेयक २०६३' प्रमाणीकरण गरेसँगै अब आमाको नामबाट पनि वंशजको नागरिकता लिन सहज हुने भएको छ । यसअघि बाबुको नामबाट मात्रै वंशजको नागरिकता दिइँदै आएको थियो । 'नेपाली नागरिकता ऐन २०६३' संशोधन भएसँगै बाबुको पहिचान हुन नसकेको वा आमाले ' बाबु यिनै व्यक्ति हुन्' भनी पहिचान नगरे पनि आमाको नामबाट वंशजको नागरिकता प्राप्तिको लागि सहज हुने भएको हो । नागरिकता ऐनको दफा २ को उपदफा ५९क० मा भनिएको छ, 'नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको व्यक्तिको बाबु सम्पर्कविहीन भई बाबुको पहिचान हुन नसकेको वा त्यस्तो व्यक्तिको जन्मदर्ता वा शैक्षिक योग्यताको प्रमाणपत्र वा अन्य कुनै प्रमाणमा बाबुको नाम उल्लेख भएता पनि बाबुको नाम खुलाउन नसकेको भनी निज र निजका आमाले स्वघोषणा गरेमा त्यस्तो व्यक्तिको बाबुको पहिचान हुन नसकेको मानिनेछ र निजले उपदफा ५ बमोजिम वंशजको आधारमा नागरिकता प्रदान गरिनेछ ।' साथै उपदफा ५ ९१० को उपदफा ३ को खण्ड 'ग'मा नेपाली नागरिकताका लागि निवेदन दिँदाका बखतमा आमाको मृत्यु भइसकेकोमा सोको प्रमाण वा होस् ठेगानामा नरहेकोमा सोही बेहोरा खुलाई चिकित्सकले प्रमाणीकरण गरेमा आमाको स्वघोषणा आवश्यक नपर्ने उल्लेख छ । साथै नागरिकता ऐनमा नेपाली नागरिक आमाबाट विदेशमा जन्म भई नेपालमा स्थायी बसोबास गरेको, विदेशको नागरिकता वा राहदानी नलिएको वा बाबुको पहिचान नभएको व्यक्ति र निजको

बाँकी तेश्रो पृष्ठमा⇨

# दुर्गा भगवती गाउँपालिकाको ४३ करोड ६१ लाखको बजेट सार्वजनिक

***रौतहट,०६ असोज ।***

दुर्गा भगवती गाउँपालिकाले आर्थिक वर्ष २०८२/८३ का लागि ४३ करोड ६१ लाख २६ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको छ । बजेट सार्वजनिकीकरणसँगै गाउँसभाको नवौं अधिवेशन सम्पन्न भएको प्रमुख प्रशासकीय अधिकृत नवीन श्रीवास्तवले जानकारी दिए । यस वर्ष गाउँपालिकाले धुवामुक्त अभियान, खानेपानी र सिँचाइका लागि बोरिङ तथा हैण्डपाइप जडान, विपद् व्यवस्थापनलगायतका कामलाई प्राथमिकता दिएको छ । साथै, सुशासन र पारदर्शिता कायम गर्न गाउँपालिकाको हरेक गतिविधि वेबसाइटमार्फत सार्वजनिक गर्ने प्रतिबद्धतासमेत गरिएको छ । गाउँपालिकाले यसअघि वडा नं. १, २ र ५ मा ग्यास चुल्हो वितरण गरिसकेको छ भने बाँकी वडा नं. ४ र ५ मा यस वर्ष वितरण गर्ने योजना बनाइएको छ । वडा नं. ३ मा कृषि विद्युतीकरण, स्वच्छ खानेपानी र छोरी संरक्षण कार्यक्रमलाई प्राथमिकतामा राखिएको वडा अध्यक्ष धर्मेन्द्रकुमार झाले बताए । सबै ५ वडालाई समान रूपमा प्रतिवडा ३० लाख रुपैयाँ बजेट विनियोजन गरिएको छ । दशैंअघि नै कर्मचारी र शिक्षकलाई साउन-भदौको तलब तथा पर्व खर्च उपलब्ध गराइने तयारी भएको प्रशासकीय अधिकृत श्रीवास्तवले जानकारी दिए । यससँगै रौतहटका १८ स्थानीय तहमध्ये दुर्गा भगवती गाउँपालिकाले पनि बजेट ल्याइसकेको छ भने अहिलेसम्म देवाही गोनाही नगरपालिकाले मात्र बजेट पेस गर्न बाँकी छ ।

# अमलेखगंजमा मिनि ट्रकसहित २३६ किलो गाँजा बरामद

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०६ असोज***

बारा जिल्लाको जितपुरसिमरा उ.म.न.पा-२१, अमलेखगंजमा प्रहरीले ठूलो परिमाणमा गाँजा बरामद गरेको छ । मिति २०८२ असोज ६ गते दिउँसो करिब १ बजेतिर इलाका प्रहरी कार्यालय अमलेखगंज अगाडिको चेकपोइन्टमा प्रहरी नायब निरीक्षक धन प्रसाद श्रेष्ठको कमाण्डमा खटिएको टोलीले मकवानपुरबाट बीरगन्जतर्फ आउँदै गरेको बा २ ख ९५६९ नम्बरको मिनि ट्रकलाई रोकि चेकजाँच गर्दा गाँजा फेला परेको हो । ट्रकको छतमाथि फल्स बटम बनाई ट्रिपालले छोपेर लुकाइएका

बाँकी तेश्रो पृष्ठमा⇨

# छठपछि आन्दोलनमा उत्रिने आजपा




***काठमाडौं,०६ असोज ।***

प्रभु साह नेतृत्वको आम जनता पार्टी (आजपा) ले छठ पर्वपछि व्यवस्था परिवर्तनका लागि आन्दोलनमा जाने घोषणा गरेको छ । पार्टीले जनदबाब अभियानमार्फत निर्वाचनमा पनि सहभागी हुने निर्णय गरेको हो । काठमाडौंको कमलादीस्थित नेपाल प्रज्ञा भवनमा असोज ४ र ५ गते बसेको केन्द्रीय कमिटी तथा पदाधिकारी बैठकका निर्णय सार्वजनिक गर्दै प्रवक्ता चन्द्रभुषण साहले पार्टी अब नयाँ अभियानसहित अघि बढ्ने बताए । उनका अनुसार दसैं, तिहार र छठ पर्वसम्म पार्टीले प्रदेश, जिल्ला र स्थानीय संरचना पुनर्गठन, बैठक र शुभकामना आदान-प्रदान कार्यक्रम सञ्चालन गर्नेछ । बैठकले प्रदेश कमिटीमा नेतृत्व हेरफेर गर्दै नयाँ इन्चार्ज, सहइन्चार्ज र अध्यक्ष तोकेको छ । उदाहरणका लागि, कोशी प्रदेशमा तिलक थापा मगर इन्चार्ज, जुरीलाल मोची सहइन्चार्ज र खगेन्द्र भण्डारी अध्यक्ष तोकिएका छन् । यस्तै, मधेसमा त्रिभुवन साह इन्चार्ज, श्रीचन मुखिया सहइन्चार्ज र उमेश कुशवाहा अध्यक्ष तोकिएका छन् । अन्य प्रदेशमा पनि जिम्मेवारी फेरबदल गरिएको छ । 'देशको अवस्था बदल्न व्यवस्था बदलौं, राष्ट्रिय स्वाधीनता बचाउन सङ्घर्ष गरौं' भन्ने नारासहित पार्टी अध्यक्ष प्रभु साहले प्रस्तुत गरेको राजनीतिक प्रतिवेदन सर्वसम्मतिले पारित भएको छ ।

आजपाले संविधान संशोधनका लागि १६ बुँदे प्रस्तावसमेत सार्वजनिक गर्ने निर्णय गरेको छ, जसमा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र मुख्यमन्त्रीको व्यवस्था प्रमुख मागका रूपमा राखिएको छ । बैठकले जेनजी आन्दोलनका क्रममा भएको विद्यार्थीको मृत्यु, सम्पदा र धरोहर तोडफोडजस्ता घटनाप्रति दुःख व्यक्त गर्दै तत्कालीन सरकार र सुरक्षा निकायलाई जिम्मेवार ठहर गर्नुपर्ने माग गरेको छ । त्यस्तै, विचार र सिद्धान्त मिल्ने व्यक्ति, समूह तथा दलसँग एकता र सहकार्य गर्ने निर्णयसमेत बैठकले गरेको छ । यसका लागि सहअध्यक्ष तिलक थापा मगरको नेतृत्वमा चन्द्रभुषण साह, सुभाष साह, विजय यादव र राम विष्ट सदस्य रहने गरी वार्ता समिति गठन गरिएको छ ।

# यूएईपछि मलेसिया, कतार र साउदीले पनि नेपाली भिसामा कडाइ




***काठमाडौं,०६ असोज ।***

हालै युनाइटेड अरब इमिरेट्स (यूएई) ले नेपाली नागरिकका लागि भिसामा कडाइ गरेपछि मलेसिया, कतार र साउदी अरबले पनि त्यस्तै कदम चाल्न थालेका छन् । जेनजी आन्दोलनपछि उत्पन्न सुरक्षा चुनौतीलाई मध्यनजर गर्दै यूएईले १५ सेप्टेम्बरदेखि भिजिट भिसा रोक्दै वर्किङ भिसामा समेत कडाइ गरेको थियो । त्यसको प्रभाव अब अन्य प्रमुख श्रम गन्तव्य मुलुकहरूमा देखिन थालेको छ ।नेपाल वैदेशिक रोजगार व्यवसायी संघका सचिव कुन्छादोर्जे डिम्दोङका अनुसार पछिल्ला दिनमा मलेसिया, कतार र साउदीले सहज रूपमा भिसा दिन छाडेका छन् ।

"अनेकन कागजात, तत्कालको प्रहरी रिपोर्ट मागिरहेका छन्, कतिपयको भिसा त रिजेक्टसमेत भइरहेको छ," उनले बताए । यूएईले भिजिट भिसा पूर्णरूपमा रोक लगाएको छ भने वर्किङ भिसा लिने श्रमिकका लागि प्रहरी रिपोर्ट अनिवार्य बनाइएको छ । नयाँ भिसा आवेदन अधिकांश अस्वीकृत भइरहेका छन् । यसले दैनिक ५ सयभन्दा बढी यूएई जाने नेपाली श्रमिकलाई असर गरेको व्यवसायीहरूको दाबी छ ।यस्तै, मलेसिया, कतार र साउदीतर्फ समेत भिसा अस्वीकृत हुने दर बढेको छ । कागजातमा थप जटिलता सिर्जना गरिएको र सुरक्षा कारण देखाएर कडाइ गरिएको व्यवसायीहरूको भनाइ छ ।पछिल्लो स्थितिबारे छलफल गर्न परराष्ट्र मन्त्रालयले भोलि राजदूतावासहरूसँग बैठक बोलाएको छ । मन्त्रालय स्रोतका अनुसार प्रमुख श्रम गन्तव्य मुलुकहरूले नेपालको आन्तरिक सुरक्षा अवस्थालाई कारण देखाउँदै भिसामा कडाइ गरेको हुनसक्ने आकलन गरिएको छ ।

गत आर्थिक वर्षमै सबैभन्दा बढी नेपाली यूएई, साउदी, कतार र मलेसिया गएका थिए । चालु वर्षको दुई महिनामै ५० हजार नेपाली यूएई गइसकेका छन् । तर ३० भदौदेखि भिसा रोकिनुका कारण नयाँ श्रमिक अन्योलमा परेका छन् ।

# प्राधिकरणका नवनियुक्त निर्देशक सिलवाल सार्वजनिक संस्थाबाट युवालाई सन्तुष्टि दिलाउने गरी काम गर्नेछु

***काठमाडौं,०६ असोज ।***

नेपाल विद्युत् प्राधिकरणका नवनियुक्त कार्यकारी निर्देशक मनोज सिलवालले प्राधिकरणको सेवा प्रवाहलाई युवा पुस्ता सन्तुष्ट हुने स्तरसम्म सुधार गर्ने प्रतिबद्धता जनाएका छन् । आइतबार बसेको मन्त्रिपरिषद्को बैठकले उनलाई कार्यकारी निर्देशकमा नियुक्त गरेको हो । नियुक्तिपछि सिलवालले प्राधिकरणको प्राथमिकता तथा आगामी योजनाबारे धारणा सार्वजनिक गर्दै भने, "युवा पुस्ताको अपेक्षा ठुलो छ, तर सेवा डेलिभरीमा उनीहरू सन्तुष्ट छैनन् । अब उनीहरू सन्तुष्ट हुनेगरी सुधार गर्नुपर्छ ।" उनका अनुसार गुणस्तरीय विद्युत् आपूर्ति, देशभर विद्युत् पहुँच विस्तार, निर्यात प्रवर्द्धन तथा प्राधिकरणलाई आर्थिक-प्राविधिक रूपमा सुदृढ बनाउनु आफ्नो प्रमुख एजेन्डा हुनेछ । सिलवालले औद्योगिक क्षेत्रमा नियमित विद्युत् आपूर्ति सुनिश्चित गर्ने, निजी क्षेत्रसँगको सहकार्यलाई थप सशक्त बनाउने तथा भारतलगायत मुलुकहरूसँग विद्युत् निर्यात-आयातका सम्भावनामा काम गर्ने योजना अघि सारेका छन् । "प्राधिकरणले पहिले नै निजी क्षेत्रबाट उत्पादित विद्युत् खरिद-बिक्री गरिरहेको छ । यो सहकार्यलाई अझै मजबुत बनाउनुपर्नेछ," उनले बताए ।

उनले प्राधिकरणको आन्तरिक सुदृढीकरणलाई अर्को प्रमुख कार्यसूचीका रूपमा लिँदै बक्यौता असुली, डेडिकेटेड ट्रंकलाइन सञ्चालन र आर्थिक व्यवस्थापनलाई व्यवस्थित गर्ने प्रतिबद्धता जनाए ।


## जापानिज इन्सेफलाइटिस् रोगबाट बच्ने उपायहरू



- लामखुट्टेको टोकाईबाट बच्नु नै यस रोगबाट बच्ने प्रमुख उपाय हो।
- हाँस, कुखुरा, सुँगर–बँगुर, घोडा जस्ता घरपालुवा चरा–चुरुङ्गी तथा जनावरहरूलाई व्यवस्थित ढंगले घरदेखि टाढा खोरमा राखेर सुरक्षित तरिकाले पाल्ने गरौं ।
- घर बाहिर निस्कदा, खेत बारीमा काम गर्दा पूरा बाहुला भएको लुगा लगाऔं ।
- घरको झ्याल, ढोकामा जाली राख्ने, पानी जम्ने ठाउँमा लामखुट्टे बृद्धि हुने भएकोले घर वरीपरि पानी जम्ने खाल्डाखुल्डी पूरी दिने गरौं ।
- लामखुट्टे भगाउने धूप वा मलम प्रयोग गरौं ।
- सधैं झुल भित्र मात्रै सुत्ने गरौं ।

याद गर्नुहोस्, यो रोगबाट बच्नको लागि १२ महिनाको उमेरमा जे.ई. खोप लगाउनुपर्छ । यदि यो खोप लिन छुटेको छ भने ५ वर्षको उमेरसम्म पनि जे.ई. खोप लगाउन सकिन्छ ।

थप जानकारीको लागि निःशुल्क हटलाइन नं. ११९५ मा फोन गर्नुहोस् ।

पटेर्वासुगौली गाँउपालिकाको कार्यालय
पटेर्वासुगौली , पर्सा

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
पकहामैनपुर गाउँपालिकाको कार्यालय, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा